# लेटाङ नगरपालिकाको आर्थिक बिधेयक २०७९

**प्रस्तावनाः** .लेटाङ नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लेटाङ नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि लेटाङ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूची १ मा वमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)**नगरपालिका क्षेत्रभित्र तोकीएको अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घरजग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५.व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिम कर लगाइने र असूल उपर गरिनेछ

**७. सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचीमा ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची ९ बमोजिम उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचि बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचीमा ११ बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा तोकिए बमोजिम उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचि १२ बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवाउपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राही लाई सेवा शुल्क लगाउन सक्नेछ।

क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा।
ख) फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा।
ग) शौचालयपार्क, स्नान घर, पौडी पोखरी, ब्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, (होस्टेल), हाटबजार, पशु बद्यशाला, शवदाहगृह, धोबीघाट, र त्यस्तै अन्य सुविधा।
घ) सडक, बसपार्क, ढल, पुल, बत्ती, जस्ता सेवा।

ङ) अचल सम्पत्ति वा कुनै बिषयको मुल्याङ्कन सम्बन्धी

च) सिफारिस सम्बन्धी कुनै सेवा।

छ) नगरपालिकाले माथि उल्लेखित भए बमोजिम सेवा सुविधा उपलब्ध गराउने वात्यस्तै सेवा सुविधा प्रयोग गरे बापत लाग्ने सेवाशुल्क उठाउने कार्य गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्नेछ।

ज) नगरपालिका सँगको सिमा नदी वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिकालाई समेटिएर सञ्चाल नहुने सेवा वा व्यवसायमा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गरिनेछ।

**१४. पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची१३ बमोजिम उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धिः** नगरपालिकाले कर तथा सेवा शुल्क तपसिल बमोजिका कर, सिफारिस तथा सेवा शुल्कका आधारमा आन्तरिक आय संकलन गर्नेछ ।

## अनुसूची १

## २०७९/८० सम्पत्ति करका लागि क्षेत्र विभाजन गरिएको विवरण

**वडा नं १**

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापापरिक क्षेत्र | १) नभएको | |
| ख) आवासिय क्षेत्र | १) कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएको<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | १ करोड ५० लाख<br>४० लाख<br>२५ लाख<br>२० लाख |
| ग)कृषी क्षेत्र | | १५लाख |
| घ) बन तथा बगर क्षेत्र | १) लोखरा,खैरनी,देउराली ,डाँडा | १० लाख |

वडा नं २

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापारिक क्षेत्र | १) बुधबारे बजार क्षेत्र(नक्सले पुल देखि दक्षिण न्यौपाने चोक सम्म) | १ करोड ६० लाख |
| ख) आवासिय क्षेत्र | १) कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | १ करोड १० लाख<br>९२ लाख<br>७० लाख<br>४५ लाख |
| ग) कृषी क्षेत्र | | ४५ लाख |
| घ) बन तथा बगर क्षेत्र | | ७ लाख |

वडा नं ३

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापारिक क्षेत्र | १)विपी चोक देखि मिलन चौक सम्म<br>२) विपी चोक देखि दक्षिण पुरानो बस पार्क<br>३) पुरानो बस पार्क देखि दक्षिण गंगै चोक | ५ करोड<br>४ करोड<br>३ करोड |
| ख) आवासीय क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएको<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | २ करोड ५० लाख<br>१ करोड५० लाख<br>१ करोड<br>७० लाख |
| ग)कृषी क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएका | १ करोड<br>८० लाख<br>६० लाख<br>४० लाख |
| घ) बन तथा बगर क्षेत्र | | ५० लाख |

वडा नं ४

| मुख्यक्षेत्र | स्थान | न्युनतममुल्यप्रति विघाहा रु |
|---|---|---|
| क) व्यापारिक क्षेत्र | १)विपी चौक देखि मिलन चौक सम्म<br>२) विपीचौक देखि दक्षिण पुरानो बस पार्क<br>३) पुरानो बस पार्क देखि दक्षिण गंङ्गे चौक | ५ करोड<br>४ करोड<br>३ करोड |
| ख) आवासिय क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएको | २ करोड ५० लाख<br>१ करोड५० लाख |

| | | |
|---|---|---|
| | ३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | १ करोड<br>७० लाख |
| ग)कृषी क्षेत्र | | ७० लाख |
| घ) बन तथा बगर क्षेत्र | | ५० लाख |

वडा नं ५

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापारिक क्षेत्र | नभएको | |
| ख) आवासिय क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएको<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | २ करोड<br>१ करोड<br>८० लाख<br>५० लाख |
| ग)कृषी क्षेत्र | १)पक्की सडको आसापसमा रहेको<br>२) ग्रावेल सडको आसपास रहेको<br>३) कच्ची सडको आसपास रहेको | १ करोड<br>१ करोड<br>६० लाख |
| घ) बन तथा बगर क्षेत्र | | २० लाख |

वडा नं ६

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापापरिक क्षेत्र | नभएको | |
| ख) आवासिय क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | २ करोड<br>१ करोड<br>६० लाख<br>३० लाख |
| ग) कृषी क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका | १ करोड<br>६० लाख |

| | | |
|---|---|---|
| | ३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | ४० लाख<br>३० लाख |
| घ) बन तथा बगर क्षेत्र | | ५लाख |

वडा नं ७

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापापरिक क्षेत्र | नभएको | |
| ख) आवासिय क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | ५० लाख<br>३० लाख<br>२० लाख<br>५लाख ५० हजार |
| ग)कृषी क्षेत्र | | १० लाख |
| घ) बन तथा बगर क्षेत्र | १)लोखरा,खैरनी,देउराली ,डाँडा | २लाख |

वडा नं ८

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापापरिक क्षेत्र | १)जाँते बजार क्षेत्र ( उत्तर भालुखोला चौक देखि दक्षिण सँगम चौक सम्म र पुर्व तेलिखोला देखि पश्चिम दक्षिण नोवोल बोडिङ्ग स्कुल सम्म | १ करोड ५० लाख |
| ख) आवासिय क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | १ करोड<br>८० लाख<br>६० लाख<br>३० लाख |
| ग)कृषी क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | ८० लाख<br>६० लाख<br>२० लाख<br>१० लाख |

| | | |
|---|---|---|
| | | |
| घ) बन तथा बगर क्षेत्र | | ५ लाख |

वडा नं ९

| मुख्यक्षेत्र | स्थान | न्युनतम मुल्य प्रति विघाहा रु |
|---|---|---|
| क) व्यापापरिक क्षेत्र | नभएको | |
| ख) आवासिय क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | १ करोड<br>८० लाख<br>६० लाख<br>३०लाख |
| ग)कृषी क्षेत्र | १)कालोपत्रे सडकले छोएको<br>२) ग्राबेल सडकले छोएका<br>३) कच्ची सडकले छोएको<br>४) कुनै पनि सडकले नछोएको | ८० लाख<br>६० लाख<br>४० लाख<br>२० लाख |
| घ) बन तथा बगर क्षेत्र | | ५लाख |

## २०७९/०८० मा लागु हुने सम्पत्ती करको लागि

## भौतिक संरचनाहरुको विवरण

**प्रति एकाई दर रेट (वर्ग मिटरमा)**

१) ईटा /ब्लक वा ढुगाका गाह्रो भएको आर सि सि छत ढलान भएको घर रु १५०००।०

२) फलामे पिलर/बिम/ट्रसको भवन रु १४०००।०

३) व्यापारिक ईटा वा ढुगाको ग्राहो भएको आर सि सि छट ढलान भएको घर रु.१३००० ।०

४) ईटा वा ढुगाको ग्राहो भएको जस्ता वा टायलको छानो भएको घर रु १२००० ।०

५) ढुगा ईटा/कंकिट ब्लक पर्खाल भएको घर रु ११००० ।०

६) प्रिफ्याब बाट बनेको घर रु १०००० ।०

७) काठै काठबाट बनेको ईटा वा बाँसको बेरा भएको सेन्टर बेरा भई जस्ता वा टालीको छाना्
रु ९०००

८) काठ वाबासको बेरा भएको खर वा छ्वालीको छानो भएको घर रु ८०००।०
९) कच्ची साधारण घर रु ७०००

**नोट : प्रत्येक ३ वर्ष मा वर्ष ३ प्रतिशत ह्रास कट्टि भइ संरचनाको मुल्याकन गरिने छ।**

**आर्थिक वर्ष २०७९/२०८० को लागी सम्पत्ति कर रकम निर्धारण तालिका**

| संकेत न. | दर श्रेणी | सम्पत्तिको मूल्य रु भन्दामाथि | मल्य रु सम्मको लागी | सम्पत्ति कर रु देखि | रु सम्म लाग्ने | कर प्रतिशत | टिप्पणि/कैफियत |
|---|---|---|---|---|---|---|---|
| १९६ | ४ | १,००,००,००१.०० | २,००,००,०००.०० | ० | ० | ०.०३० | |
| १९२ | १ | ० | १०,००,०००.०० | १०० | १०० | ० | |
| १९३ | २ | १०,००,००१.०० | ७५,००,०००.०० | ० | ० | ०.०२० | |
| १९५ | ३ | ७५,००,००१.०० | १,००,००,०००.०० | ० | ० | ०.०२५ | |
| १९७ | ५ | २,००,००,००१.०० | ३,००,००,०००.०० | ० | ० | ०.०३५ | |
| १९८ | ६ | ३,००,००,००१.०० | ४,००,००,०००.०० | ० | ० | ०.०४ | |
| १९९ | ७ | ४,००,००,००१.०० | ५,००,००,०००.०० | ० | ० | ०.०४५ | |
| २०० | ८ | ५,००,००,००१.०० | ० | ० | ० | ०.०५० | |

## अनुसुची-२

आर्थिक वर्ष २०७८/०७९ को लागि भूमि कर (मालपोत)को दर विवरण

| क्र.स | विवरण | कालोपत्रे वा पक्की सडक ले छोएको जग्गाहरु | ग्रावेल सडकले छोएको जग्गाहरु | कच्ची सडकले छोएको जग्गाहरु | कुनै पनि सडकले नछोएको जग्गाहरु | बगर क्षेत्र |
|---|---|---|---|---|---|---|
| १ | १ धुर देखि ३ कट्ठा सम्म न्युनतम एकमुष्ठ | ३०० | २०० | १४५ | ९० | ४० |
| २ | ३ कट्ठा १ धुर देखि १० कट्ठासम्म प्रतिकट्ठा | ४० | ३५ | २५ | २० | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १० कट्ठा १ धुर देखि १ विघा सम्म प्रतिकठ्ठा | ३५ | ३० | २० | १५ | ५ |
| ४ | १ विघा १ धुरदेखि २ विघा सम्म प्रतिकठ्ठा | ३० | २५ | १५ | १० | ३ |
| ५ | २ विघा भन्दा माथि प्रतिकठ्ठा | २५ | २० | १० | ५ | २ |

नोट : बक्यौताको हकमा प्रत्येक वर्षमा जरिवाना स्वरुप १० प्रतिशत थपिने छ ।

**अनुसुची ३**
**घरजग्गा वहाल कर :**

नगरपालिका क्षेत्र भित्रकुनै व्यक्ति वा संस्थाले भवन, घर, पशल, ग्यारेज, गोदाम, टहरा,छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा १० प्रतिशतले कर लगाईनेछ ।

**अनुसुची ४**

**२०७९/०८० मा लागु हुने व्यवसाय करको विवरण**

**व्यवसाय वर्गीकरण समुह तथा उपसमुहहरु**

**क) निर्माण व्यवसाय**

१) निर्माण व्यवसायी इजाजतपत्र दस्तुर “घ” वर्ग — रु. १० हजार

२) निर्माण व्यवसायी इजाजतपत्र प्रतिलिपि दस्तुर “घ” वर्ग — रु. १ हजार

३) “क” बर्गको निर्माण व्यवसाय दर्ता दस्तुर — रु २० हजार

४) “ख” बर्गको निर्माण व्यवसाय दर्ता दस्तुर — रु १५ हजार

५) निर्माण व्यवसायी इजाजतपत्र विलम्ब दस्तुर “घ” वर्ग — रु. ५ हजार

**पेशा विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा**

| | |
|---|---|
| १) लेखा परीक्षण व्यवसाय “क” श्रेणी | रु ६ हजार |
| २) लेखा परीक्षण व्यवसाय “ख” श्रेणी | रु ५ हजार |
| ३) लेखा परीक्षण व्यवसाय “ग” श्रेणी | रु ३ हजार |
| ४) लेखा परीक्षण व्यवसाय “घ” श्रेणी | रु ३ हजार |
| ५) कम्प्युटर एनालिस्ट तथा पोग्रामर | रु २ हजार |
| ६) अनुवादक | रु १ हजार |
| ७) सामान ढुवानी कर्ता तथा कम्पनी | रु ४ हजार |
| ८) चिकित्सक सेवा | रु ३ हजार |
| ९) पशु चिकित्सक सेवा | रु २ हजार |
| १०)आयुर्वेद सेवा | रु १ हजार |
| ११) ईन्जिनियरिङ परार्मश सेवा | रु ४ हजार |
| १२) परार्मशदाता ईन्जिनियरिङ | रु ३ हजार |
| १३) इजाजत प्राप्त अधिवक्ता | रु २ हजार ५ सय |
| १४) इजाजत प्राप्त अभिकर्ता व्यवसाय | रु १ हजार |
| १५) इजाजत प्राप्त लेखापढि व्यवसाय | रु १ हजार |
| १६) बिमा एजेन्ट /सेयर दलाल | रु ३ हजार |
| १७) सर्भेयर सेवा | रु २ हजार |
| १८) शित भण्डार सेवा | रु ३ हजार |
| १९) केवल तथा ईन्टरनेट सञ्चालन | |
| क) २०० सम्म ग्राहक संख्या भएको | रु ५ हजार |
| ख)२०० देखि ५०० सम्म ग्राहक संख्या भएको | रु ८ हजार |
| ग) ५०० देखि माथि ग्राहक संख्या भएको | रु १२ हजार |

**ख) शिक्षा सेवा**

| | |
|---|---|
| १) शिशु स्याहार केन्द्र | रु.२ हजार |
| २) कक्षा थप शुल्क (प्रत्येक थप कक्षाको ) | रु २ हजार |
| ३) निजी शिक्षालय प्राथमिक तह (कक्षा १ देखि ५) | रु. ५ **हजार** |
| ४) छात्र/छात्रावास | **रु. ४ हजार** |
| ५) संगित/डान्स तालिम केन्द्र/जिमखाना फिटनेश सेन्टर | **रु. १ हजार ५ सय** |
| ६) निजी शिक्षालय क्याम्पस | **रु २० हजार** |
| ७) निजी शिक्षालय माध्यामिक तह कक्षा (१ देखि १०/ १२) | **रु १५ हजार** |
| ८) नसिङ र एच.ए. प्रशिक्षण केन्द (डिप्लोमा तह ) | **रु १० हजार** |
| ९) पोली टेक्निकल इन्स्टिच्युट प्रशिक्षण समेत | **रु ५ हजार** |
| १०) तालिम तथा अनुसन्धान केन्द्र | **रु. ३ हजार** |
| ११) फेसन डिजाईनर तालिम केन्द्र | **रु. २ हजार** |
| १२) कम्प्यूटर /ईलेक्ट्रोनिक्स/भाषाशिक्षा /कोचिङ सेन्टर/सवारीचालक तालिम | **रु ३ हजार** |
| १३) निजी शिक्षालय आधारभूत तह (कक्षा १ देखि ८) | **रु. १० हजार** |
| १४) एजुकेसनल कन्सल्टेन्सी सेवा | **रु ५ हजार** |
| १५) प्रमाणपत्र प्रतिलिपी कपी अफ वरिजिनल | रु १ सय |
| १६) निजी पुर्व प्राथमिक विद्यालय | रु ३ हजार |

**ग) मर्मत सम्भार सेवा व्यवसाय**

१) जीप, कार,भ्यान, ट्याक्टर मर्मत तथा सर्भिसिङ व्यवसाय **रु १ हजार ५ सय**

२) टि.भि, डेक,मोवाईल फ्रिज मर्मत सेवा **रु १ हजार**

३) सोलार तथा ईन्भर्टरको व्याट्री मर्मत तथा चार्ज **रु १ हजार**

४) रिक्सा ,साईकल मर्मत  समेत **रु ५ सय**

५)  बस,ट्रक ,ट्रिपर र हेभि मेशिनरी वर्क शप **रु ३ हजार**

६) ई रिक्सा र टम्पो वर्कसप **रु.१ हजार**

७) टायर रिसोलिङ,टायर मर्मत हावा भर्ने पम्पचर टाल्ने **रु. १ हजार**

८) रेडियो,क्याल्कुलेटर ,प्रेसर कुकर, हिटर तथा अन्य साना विद्युत सामान मर्मत **रु १ हजार**

९) फलाम र जस्तापाताका समाग्री बनाउने तथा मर्मत गर्ने टिनको दराज समेत **रु १ हजार ५ सय**

१०) मोटरसाईकल मर्मत वर्कशप पार्टस सहित **रु २ हजार**

**घ) स्वास्थ्य सेवा**

१) चस्मा पसल रु १ हजार ५ सय

२) चस्मा पशल चिकित्सक सेवा सहित रु ३ हजार

३) एग्रोभेट थोक पसल रु २ हजार ५ सय

४) एग्रोभेट खुद्रा पसल रु १ हजार ५ सय

५) फार्मेसी चिकीत्सक सेवा सहित रु ४ हजार

६) आयुर्वेद औषधी पसल रु १ हजार ५ सय

७) होमियोपेथिक औषधी पसल रु १ हजार ५ सय

८) नीजि अस्पताल बेड नखुलेका ` रु ५ हजार

९) नीजी  अस्पताल बेड खुलेको सम्म रु १० हजार

१०) सर्जिकल हाउस रु. २ हजार

| | |
|---|---|
| ११) पोलिक्लीनिक/डाइग्नोस्टिक /थेरापी सेन्टर | रु ४ हजार ५ सय |
| १२) हेल्थ केयर ,नर्सिङ होम | रु ५ हजार |
| १३) फार्मेसी औषधी मात्र बिक्रि | रु २ हजार |
| १४) ल्याब क्लीनिक | रु २ हजार |
| १५) बीमा कम्पनी | रु ५ हजार |
| १६) स्वास्थ्य संस्थाहरुमा सेवा थप गर्दा | रु २ हजार |

**ङ) वित्तीय सेवा**

| | |
|---|---|
| १) बहुउद्देशीय बचत तथा ऋण सहकारी संस्था नयाँ दर्ता | रु.२० हजार |
| २) बचत तथा ऋण सहकारी संस्था नयाँ दर्ता | रु २० हजार |
| ३) महिला द्धारा संचालित सहकारी संस्था दर्ता | रु ५ सय |
| ४) कृषि सहकारी संस्था दर्ता | रु २ हजार |
| ५) बहुउद्देशिय बचत तथा ऋण सहकारी संस्था व्यवसाय दर्ता | रु. २० हजार |
| ६) बचत तथा ऋण सहकारी संस्था व्यवसाय दर्ता | |
| १ करोड सम्म बार्षिक कारोवार | रु ६ हजार |
| १ करोड १ देखि ५ करोड सम्म बार्षिक कारोबार | १२ हजार |
| ५ करोड १ देखि १० करोड सम्म बार्षिक कारोबार | २४ हजार |
| १० करोड माथि जतिसुकै भएपनि | ३० हजार |
| ७) वाणिज्य बैङ्क प्रति शाखा कार्यालय व्यवसाय दर्ता | रु १० हजार |

८) विकास बैङ्क फाईनान्स कम्पनी र लघुवित्त शाखा कार्यालय प्रति शाखा व्यवसाय दर्ता रु ५ हजार

९) अन्य पालिकाबाट आएर सेवा केन्द्र संचालन गर्न ब्यवसाय दर्ता गर्दा रु ३००००

**च) संञ्चार सेवा**

| | |
|---|---|
| १) मोवाईल सेवा प्रदायक कम्पनीका सर्भिस सेन्टर | रु ३ हजार |
| २) टेलिफोन,मोवाईल सेवा प्रदायक निजी कम्पनीलाई | रु.१० हजार |
| ३) कम्प्युटर सप्लायर्स | रु २ हजार |
| ४) टुर एण्ड ट्राभल्स सेवा | रु २ हजार |
| ५) ड्राइक्लिनिक धोवि पसल | रु ५ सय |
| ६) कुरियर सेवा | रु ५ सय |
| ७) टेलिफोन,मोवाईल निजी सेवा प्रदायक कम्पनीलाई टावर/दर्ता बापत प्रति टावर | रु १० हजार |
| ८) फोटोकपी, पी.सी.ओ.साईवर क्याफे सेवा | रु ५ सय |
| ९) फोटो स्टुडियो तथा भिडियो मिक्सिङ सेवा | रु १ हजार |
| १०) सामुदायिक स्थानीय एफ.एम.प्रसारण | रु २ हजार |
| ११) कलर ल्याव, फल्येक्स प्रीन्ट तथा छापाखाना सेवा | रु १५ सय |
| १२) अनलाईन सेवा | रु १ हजार |

**छ) व्यापारिक वस्तु**

**१) गला काटा**

| | |
|---|---|
| क) रु १ देखि ५० हजार सम्म | रु ३ सय |
| ख) रु ५० हजार देखि २ लाख सम्म | रु ५ सय |
| ग) रु २ लाख देखि ५ लास सम्म | रु १ हजार |
| घ) रु ५ लाख देखि १० लाख सम्म | रु २ हजार |
| ङ) रु १० लाख भन्दा माथि | रु ३ हजार |

२) कपडा,फेन्सि, व्याग, जुत्ता,चप्पल,टाँक, धागो, चेन र शृङगारको सामग्री पसल

| | |
|---|---|
| क) रु १ देखि २ लाख सम्म | रु ३ सय |
| ख) रु २ लाख देखि ५ लाख सम्म | रु ५ सय |

| | |
|---|---|
| ग) रु ५ लाख देखि १० लास सम्म | रु २ हजार |
| घ) रु १० लाख भन्दा माथि | रु ३ हजार |

**३) भाडा,वर्तन तथा किचन सामग्री**

| | |
|---|---|
| क) रु १ देखि २ लाख सम्म | रु ३ सय |
| ख) रु २ लाख देखि ५ लाख सम्म | रु ५ सय |
| ग) रु ५ लाख देखि १० लास सम्म | रु १ हजार |
| घ) रु १० लाख देखि १५ लाख सम्म | रु २ हजार |
| ङ) रु १५ लाख देखि २५ लाख सम्म | रु ३ हजार |
| च) रु २५ लाख भन्दा माथि | रु ४ हजार |

**४) होटल, लज, लन्च बार एण्ड रेष्टुरेन्ट**

| | |
|---|---|
| क) रु १ देखि ५० हजार सम्म | रु ३ सय |
| ख) रु ५० हजार देखि रु १.५ लाख सम्म | रु ५ सय |
| ग) रु १.५ लाख देखि ३ लास सम्म | रु १ हजार |
| घ) रु ३ लाख देखि ५ लाख सम्म | रु १५ सय |
| ङ) रु ५ लाख देखि १० लाख सम्म | रु २ हजार |
| च) रु १० लाख देखि २० लाख सम्म | रु ३ हजार |
| छ) २० लाख देखि माथि | रु १० हजार |
| ज) लंउन्ज एण्ड बार | रु १० हजार |

**५) चिया नास्ता,मिठाई,खाना पसल**

| | |
|---|---|
| क) रु १ देखि २ लाख सम्म | रु ३०० |
| ख) रु २ लाख देखि ५ लाख सम्म | रु ५ सय |

| | |
|---|---|
| ग) रु ६ लाख देखि १० लास सम्म | रु १ हजार |
| घ) रु १० लाख देखि १५ लाख सम्म | रु २ हजार |
| ङ) रु १५ लाख देखि २५ लाख सम्म | रु ३ हजार |
| च) रु २५ लाख भन्दा माथि | रु ४ हजार |

**६) क्याटरिङ,पार्टी प्यालेस,टेन्ट हाउस**

| | |
|---|---|
| क) टेन्ट क्याटरिङ | रु २ हजार |
| ख) पार्टी प्यालेस ए.सी सहितको | रु.१० हजार |
| ग) पार्टी प्यालेस ए.सी नभएको | रु. ५ हजार |

**७) हार्डवेयर,टायल,मार्बल,स्यानिटरी र पेन्टस**

| | |
|---|---|
| क) रु १ देखि १० लाख सम्म | रु २ हजार |
| ख) रु १० लाख देखि २५ लाख सम्म | रु ४ हजार |
| ग) रु २५ लाख देखि ५० लास सम्म | रु ८ हजार |
| च) रु ५० लाखभन्दा माथि | रु १२ हजार |

**८) सुन चाँदी तथा गहना पसल**

| | |
|---|---|
| क) रु १ देखि ५ लाख सम्म | रु २ हजार |
| ख) रु ५ लाख देखि १० लाख सम्म | रु ३ हजार |
| ग) रु १० लाख देखि २० लास सम्म | रु ५ हजार |
| घ) रु २० लाखभन्दा माथि | रु १० हजार |

**९) स्टेशनरी ,पुस्तक , खेलकुद सामग्री पसल**

| | |
|---|---|
| क) स्टेशनरी तथा पुस्तक थोक | रु २ हजार |
| ख) स्टेशनरी तथा पुस्तक खुद्रा | रु १ हजार |
| ग) खेलकुद सामग्री थोक | रु २ हजार |

| | |
|---|---|
| घ) खेलकुद सामग्री खुद्रा | रु १ हजार |

**१०) माछा,मासु विक्रि पसल**

| | |
|---|---|
| क) रु १ देखि १ लाख सम्म | रु ५ सय |
| ख) रु १ लाख १ देखि रु ३ लाख सम्म | रु १ हजार |
| ग) रु ३ लाख देखि माथि | रु २ हजार |

**११) सुचीकार (सिलाई) र बुटिक पसल**

| | |
|---|---|
| क) रु १ देखि २ लाख | रु १ हजार |
| ख) रु २ लाख देखि माथि | रु १ हजार ५ सय |
| ग)सटिङ सुटिङ र टेलरिङ | रु ३ हजार |
| घ)बुटिक पसल | रु १ हजार |

**१२) इलेक्ट्रोनिक विक्रि पसल**

| | |
|---|---|
| क) मोवाइल थोक तथा कम्पनी सेल्फ उपशाखा डिस्ट्रिव्यूटर | रु ५ हजार |
| ख) फ्रीज,टिभी,डेक तथा पार्ट विक्रि पसल | रु १० हजार |
| ग) मोबाईल खुद्रा विक्रि पसल | रु २ हजार |
| घ) मोवाईल मर्मत पसल | रु १ हजार ५ सय |
| ङ) घडी मात्र मर्मत तथा विक्रि पसल | रु ५ सय |

**१३) सवारी साधन एजेन्सी ,थोक विक्रि पसल तथा पार्ट**

| | |
|---|---|
| क) जिप कार ,भेन सोरुम | रु १० हजार |
| ख) ट्रयाक्टर सोरुम | रु ५ हजार |
| ग) मोटारसाइकल डिलर तथा खुद्धा विक्रि | रु ४ हजार |

| | |
|---|---|
| घ) साइकल सोरुम तथा मर्मत | रु १ हजार |
| ङ) मोटर पार्टस समान विक्रि | रु २ हजार ५ सय |
| च) टायर डिलर | रु ३ हजार |
| छ) विद्युतचार्ज बाट सञ्चालन हुने सवारी साधन विक्रि | रु ३ हजार |
| ज ) टेम्पु विक्रि सोरुम | रु ५ हजार |

**१४) सैलुन तथा व्युटीपार्लर सेवा**

| | |
|---|---|
| क) व्यूटीपार्लर सेवा,व्यूटिसियन तालिम सहितको | रु २ हजार |
| ख) व्यूटीपार्लर र सैलुन | रु १ हजार |
| ग) सैलुन | रु १ हजार |

**१५) मदिरा,सुर्ती जन्य,हल्का पेय पसल**

| | |
|---|---|
| क) रक्सी ,वियरको डिलर डिस्ट्रिव्युटर्स | रु १० हजार |
| ख) रक्सी ,वियरका सव डिलर तथा सप्लायर्स | रु ७ हजार |
| ग) रक्सी,वियरको खुद्धा विक्रि पसल | रु ३ हजार |
| घ) चुरोट,विडि,सुर्ती जन्य पदार्थका डिलर तथा थोक पसल | रु ५ हजार |
| ङ) चुरोट,विडि,सुर्ती जन्य पदार्थका खुद्रा थोक पसल | रु २ हजार |
| च) हल्का पेय पदार्थ ( कोल्ड ड्रिंस) का डिस्ट्रिव्युटर्स र सप्लायर्स | रु ४ हजार |
| छ) हल्का पेय पदार्थ ( कोल्ड ड्रिंस) का खुद्रा पसल | रु २ हजार |

**१६) पेट्रोलियम पदार्थ**

| | |
|---|---|
| क) पेट्रोलियम पदार्थ पम्प भएको | रु १० हजार |
| ख) ग्यास,सिलिन्डर विक्रि डिलर | रु ४ हजार |

ग) पेट्रोलियम पदार्थ पम्प नभएका रु ४ हजार

**१७) कवाडी सामान, खालीबोरा खरिद विक्रि**

क) कवाडी समाग्रीहरु संकलन गर्ने रु २ हजार ५ सय

**१८) ढुगा,गिट्टी जम्मा गरि विक्रि गर्ने**

के) ढुंगा, गिट्टी, बालुवा विक्रि सप्लायर्स (क्रशर बाहेक) रु ५ हजार

**१९) काठ तथा कोइला खरिद विक्रि रु ३ हजार**

**२०) फर्निचर एवम फर्निसिङ**

क) स्टील/काठ/आल्मुनीयमका फर्निचर उद्योग बिकि समेत रु ५ हजार

ख) आल्मुनियम पसल रु ४ हजार

ग) फर्निसिङ पसल ठुलो रु २ हजार ५ सय

**२१) स्नुकर**

क) स्नुकर रु ३ हजार

ख) पुल हाउस रु १ हजार ५ सय

**२२) विज्ञापन एजेन्सी सेवा रु ५ हजार**

**२३) रोजगारी सेवा**

क) स्वेदेशी रोजगारी सेवा रु २ हजार

ख) बिदेशि रोजगारी सेवा रु ४ हजार

**२४) किराना पसल**

क) रु १ देखि ५० हजार सम्म रु ३ सय

ख) रु ५० हजार देखि २ लाख सम्म रु ५ सय

ग) रु २ लाख देखि ५ लास सम्म रु १ हजार

घ) रु ५ लाख देखि १० लाख सम्म रु १ हजार ५ सय

| | |
|---|---|
| ङ) रु १० लाख भन्दा माथि | रु २ हजार |
| **२५) विद्युतीय सामाग्री** | |
| क) रु १ देखि २ लाख सम्म | रु ५ सय |
| ख) रु २ लाख देखि ५ लाख सम्म | रु १ हजार |
| ग) रु ५ लाख देखि १० लास सम्म | रु १ हजार ५ सय |
| घ) रु १० लाख देखि २० लाख सम्म | रु २ हजार |
| ङ) रु २० लाख भन्दा माथि | रु ३ हजार |
| **२६) डिपार्टमेन्टल पसल** | |
| क) रु १ देखि १० लाख सम्म | रु ७ हजार ५ सय |
| ख) रु १० लाख देखि ५० लाख सम्म | रु १० हजार |
| ग) रु ५० लाखभन्दा माथि | रु २० हजार |
| **२७) गिफ्ट तथा फोटो फ्रेम र  सिसा पसल** | **रु १ हजार** |
| **२८) कोठा तथा घर डेकोरेसन सामाग्री विक्रि पसल** | **रु १ हजार** |
| **२९) अन्य व्यापारिक वस्तु** | |
| क) कुचो होलसेल विक्रि | रु २ हजार |
| ख) कुचो खुद्रा विक्रि | रु ५ सय |
| ग) दालचिनी र सुपाडि संकलन गरि विक्रि गर्ने | रु ४ हजार |
| घ) पुजा समग्री होलसेल पसल | रु ५ सय |
| ङ)  अलैची सुकमेल विक्रि गर्ने | रु ४ हजार |
| च) विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | रु ४ हजार |
| छ) फलफुल  पसल | रु १ हजार |
| ज) साग सब्जी खुद्धा पसल | रु ५ सय |

| | |
|---|---|
| झ) पान पसल | रु ३ सय |

**उद्योगधन्दा कर तर्फ**

| | |
|---|---|
| १) छापाखाना | रु २ हजार |
| २) चाउचाउ उद्योग | रु ५ हजार |
| ३) नुडल्स(थुप्पा) उद्योग | रु २ हजार |
| ४) चिउरा मिल | रु २ हजार |
| ५) ढाका टोपी पस्मीना उद्योग | रु ५ सय |
| ६) मौरी पालन | रु ५ सय |
| ७) विडी उद्योग | रु २ हजार |
| ८ ) दालमोट उद्योग | रु १ हजार |
| ९) सेलर होलर | रु ५ हजार |
| १०) विस्कुट पाउरोटी उद्योग | रु १ हजार |
| ११) पापड /चिप्स/फिंगर | रु १ हजार |
| १२) पिठो मसला उद्योग | रु १ हजार |
| १३) च्याउ उद्योग | रु १ हजार |
| १४) मिनरल वाटर उद्योग | रु ३ हजार |
| १५) डेरी उद्योग सकलन र विक्रि | रु १ हजार |
| १६) ग्रील उद्योग | रु ३ हजार |
| १७) नर्सरी | रु १ हजार |
| १८) सुर्ती जन्य उद्योग | रु ५ हजार |
| १९) अगर बत्ती तथा मैन बत्ती उद्योग मेशिनबाट | रु १ हजार |

| | |
|---|---|
| २०) कसर उद्योग | १ लाख ५० हजार |
| २१) मसला पिस्ने गर्ने | रु १ हजार ५ सय |
| २२) स्टेसनरी वा कपी उद्योग | रु २ हजार |
| २३) गुटका | रु ५ हजार |
| २४) सोडा /स्क्वास सर्वत उद्योग | रु १ हजार |
| २५) कंकिट साना घरेलु उद्योग | रु १ हजार |
| २६)कंकिट उद्योग प्रा लि | रु ५ हजार |
| २७) कृषीफर्म | रु १ हजार |
| २८) विजुली उत्पादन तथा वितरण वा हाईड्रोपावर | रु ५० हजार |
| २९) यातायात व्यवसाय | रु ५ हजार |
| ३०) तामाको भाँडा बनाउने कारखाना | रु १ हजार ५ सय |
| ३१) जडिबुटि उद्योग | रु ३ हजार |
| ३२) गार्मेन्ट उद्योग | रु २ हजार |
| ३३)साना घरेलु दर्ता उद्योग | रु ५ सय |
| ३४) कृषि तथा पशुजन्य फोजन मार्ट संचालन | रु ४ हजार |

**अनुसुची ५**

आर्थिक वर्ष २०७९/८० को लागि जडिबुटि, कवाडी र जीवजन्तु करको विवरण

| क्र. स. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | जडिबुटी, जीवजन्तु ( कानून बमोजिम व्यवसाय गर्न पाउने) को हकमा देहाय बमोजिमका व्यवसायहरु:<br>क) ५ लाख सम्मको पुजी भएको<br>ख) २५ लाख सम्मको पुजी भएको<br>ग) २५ लाख भन्दा बढी | ५००<br>१०००<br>२००० | |
| २ | कवाडी कर : | | |
| २.१ | फलाम प्रति के जि | १.०० | |
| २.२ | खालि सिसि(सबै खाले ) प्रति बोतल | ०.१० | |
| २.३ | प्लाष्टिक प्रति के जि | ०.५० | |
| २.४ | कागज कार्टुन प्रति के जि | ०.५० | |
| २.५ | पुराना टायर, ट्युव प्रति गोटा | ०.५० | |
| २.६ | पुराना साइकल | १.०० | |

:

**अनुसुची ६**

सवारी दर्ता तथा बार्षिक सवारी कर :

| स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार देहायका भाडाका तथा नीजि सवारी साधनमा देहाय बमोजिम बार्षिक कर र सवारी दर्ता तथा नामसारी नविकरण दस्तुर लिइनेछ। | | | | |
|---|---|---|---|---|
| | | | | |
| सि.नं. | सवारीको किसिम | बार्षिक कर | दर्ता शुल्क | नामसारी शुल्क |
| | इ रिक्सा | २०० | २०० | |

**रिक्सा ठेला दर्ता तथा नविकरण दस्तुर :**

यस नगरपालिकाबाट रिक्सातथा ठेला दर्ता तथा एवम् नविकरण गर्दा अनुसार बार्षिक नविकरण कर दर्ता नविकरण एवम नामसारी दस्तुर लिइनेछ।

| सि.नं. | सवारीको किसिम | शुरु दर्ता दस्तुर | बार्षिक कर नविकरण दस्तुर | नामसारी दस्तुर |
|---|---|---|---|---|
| १. | रिक्सा | १०० | ५० | १०० |
| २. | ठेला | १०० | ५० | १०० |
| ३ | सिटी रिक्सा | १००० | ५० | १०० |

रिक्सा दर्तावालाको मृत्यु भइ हकवालाको नाममा नामसारी गर्नुपर्दा रु. ५०।- मात्र नामसारी दस्तुर लिइनेछ।

नयाँदर्ता आउने रिक्सा र ठेलाको २ बर्षको नविकरण दस्तुर एकै पटक लिइनेछ।

रिक्सा चालक परिचयपत्र प्रति एकको रु. १५

रिक्सा चालक परिचयपत्र प्रति प्रतिलिपी रु. १०

असोज मसान्त भित्र नविकरण गरेमा ५० प्रतिशत छुट।

आगामी आ.व. मा १० प्रतिशत जरिवाना।

# अनुसुची ७

## विज्ञापन कर

**क) होडिङ्ग बोर्ड**

कुनै पनि उद्योग, संघ, सस्था, व्यक्ति वा फर्मले नगरपालिका, सहरी क्षेत्र भित्रकुनै विज्ञापन गर्नुपर्दा विज्ञापनको साइनबोर्ड वा कुनै सांकेतिक बोर्ड राख्नु पर्दा नगरपालिका पूर्व स्वीकृति लिई तोकिएको दस्तुर तिरी त्यस्तो विज्ञापन गर्ने साइनबोर्ड वा सांकेतिक बोर्ड राख्नुपर्नेछ । वा सांकेतिक बोर्ड कसैको घरमा लेख्ने वा राख्ने भएमा घर धनीले नगरपालिकासँग सम्पर्क गराई लेख्न लगाउनु पर्नेछ । नगरपालिकालाई जानकारी नगराई लेखिएको वा राखिएको विज्ञापन कर  लिइ नगरपालिकालाई बुझाउनु पर्नेछ । यस पूर्व लेखिएको वा राखिएका विज्ञापनको समेत विज्ञापन कर लिइ कर नतिर्ने बिज्ञापन बोर्ड नगरपालिकाले हटाउनेछ ।

| **ख)** | **होडिङ्ग वोर्डको वार्षिक दस्तुर** | |
|---|---|---|
| १. | १२ स्क्वायर फिट सम्म | १०००.०० |
| २. | सो भन्दा माथि ३० स्क्वायर फिट सम्म | १५००.०० |
| ३. | सो भन्दा माथि प्रति स्क्वायर फिट | ५०.०० |
| ४. | भित्ते लेखन प्रति स्क्वायर फिट | २५.०० |
| ५. | १२ स्क्वायर फिट सम्म प्रति ब्यानर | ४०.०० |
| ६. | १२ स्क्वायर फिट भन्दा माथि प्रति ब्यानर | ६०.०० |
| ७. | पोलमा राख्ने वोर्ड बढी ३X३ सम्मको मात्र दिने गरी | ७५०.०० |
| ८. | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिटसम्म बार्षिक पसल बाहिरका | ८००.०० |
| ९. | फ्लेक्स वोर्ड व्यापार व्यवसाय १२ स्क्वायर फिट माथि बार्षिक पसल बाहिरका | १२००.०० |
| १०. | बढीमा ६ स्क्वायर फिट सम्मको पोलमा राख्ने वोर्ड प्रति एकको | ५००.०० |

**अनुसुची ८**
**मनोरञ्जन कर :**

| |
|---|
| **७.१ नगरपालिका क्षेत्र भित्र सञ्चालित सिनेमा हलहरुबाट देहाय बमोजिम मनोरञ्जन कर लिइनेछ ।** |
| क) कुल सिट संख्याको ३५ प्रतिशत सिटलाई पुरा सिट संख्या मानी प्रत्येक टिकटमा लाग्ने शुल्कको ३ प्रतिशतले हुने रकम । |
